जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

बर्षः १२, अंकः २०१ पृष्ठः ४ | २०८२ मंसिर १५ सोमबार (Monday 01 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

## कल्याणपुरका मेयर घुससहित पक्राउ प्रकरण : एक पीडित होस्टाइल, अर्कालाई पनि प्रलोभन र धम्की

**विनय आजाद**

सिरहा, १४ मंसिर। सिरहाको कल्याणपुर नगरपालिकाका तत्कालीन मेयर रामपुकार साह एक लाख रुपैयाँ घुससहित रंगेहात पक्राउ परेको घटनामा पीडित नै 'होस्टाइल' भएको पाइएको छ। उजुरीकर्ता जसोधा कुमारीले विशेष अदालतमा बकपत्रमा बयान फेरेको पाइएको हो। कल्याणपुर नगरपालिका-६ स्थित भोक्राहामा २० लाख बजेटमा निर्माण भएको नालाका उपभोक्ता समितिसँग तत्कालीन मेयर साहले २० प्रतिशत कमिसन मागेका थिए। तर, उपभोक्ता समितिले रकम दिन नसकेपछि मेयर साहले योजनाको चेक दिन मानेनन्।



एक साताको बार्गेनिङपछि मेयर साहले चेक लिनुअघि कम्तीमा १ लाख रुपैयाँ दिनुपर्ने अड्डी कसेपछि उपभोक्ता समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबासमा उजुरी गऱ्यो। जसोधा यसै उपभोक्ता समितिका अध्यक्ष हुन्। अख्तियारमा जसोधा र उपभोक्ता समितिले निर्णय नै गरी काम गर्ने जिम्मेवारी दिएका स्थानीय कुशेश्वर साहले संयुक्त रूपमा दिएको उजुरीपछि अख्तियारको टोलीले साहलाई असार ३२ मा घुस लिइसकेको अवस्थामा कार्यालयबाटै पक्राउ गरेको थियो।

मेयर साह पक्राउ परेपछि अनुसन्धानका क्रममा साउन १४ मा जसोधाले अख्तियार समक्ष भनेकी छिन्, 'नालाको काम सम्पन्न भएपछि भुक्तानी माग्न जाँदा मेयर साहले अहिले कम्तीमा एक लाख रुपैयाँ दिनुपर्ने, नत्र चेक नदिने भनेर डर त्रास देखाएपछि अख्तियारमा उजुरी दिँदै उनलाई घुस रकम दिएका हौं।' उनी अख्तियारमा बयान दिन जाँदा कुशेश्वरकी पत्नी किरणकुमारी साह पनि सँगै गएकी थिइन्। अख्तियारले सकभर बयान

**-बाँकी अन्तिम पेजमा**

**एचआईभी/एड्स रोगबाट बचौं र बचाऔं ।**

- असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
- यौन सम्पर्क गर्दा कण्डम प्रयोग गरौं,
- विषाणुरहित रगत तथा सुई प्रयोग गरौं,
- लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- समय-समयमा एचआईभी/एड्सलगायतको परीक्षण गरौं,
- एड्स संक्रमित व्यक्तिलाई सम्मान र माया गरौं,
- एड्स असुरक्षित यौन सम्पर्क वा विषाणुयुक्त सुईको कारणले सर्ने रोग हो,
- यौन रोगका कुनै लक्षण देखिए उपचार तथा परामर्शका लागि चिकित्सकसंग सम्पर्क गरौं।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हिन्दू सम्राट सेनाले प्रधानमन्त्री कार्कीको अभिव्यक्तिको समर्थन



सिरहा, १४ मंसिर। प्रधानमन्त्री सुशीला कार्कीले हालै दिएका अभिव्यक्तिहरू सही र न्यायसंगत भएको दाबी गर्दै हिन्दू सम्राट सेना नेपालले सिरहा जिल्लाको गोलबजारमा शान्तिपूर्ण ऱ्याली आयोजना गरेको छ। ऱ्यालीका सहभागीहरूले प्रधानमन्त्री कार्कीको अभिव्यक्तिले राष्ट्रियता, धार्मिक सौहार्द र सामाजिक न्यायको पक्ष लिएको भन्दै समर्थनजनक नाराबाजी गरेका थिए। उनीहरू शान्तिपूर्ण रूपमा गोलबजारका मुख्य सडकहरू परिक्रमा गर्दै आफ्नो धारणा सार्वजनिक रुपमा व्यक्त गरेका थिए।

संगठनका प्रतिनिधिहरूका अनुसार ऱ्यालीको उद्देश्य प्रधानमन्त्रीले राष्ट्रहितमा दिएको भनाइलाई समर्थन जनाउनु र समाजमा सकारात्मक सन्देश फैलाउनु रहेको बताइएको छ।

## अन्तर्जातीय प्रेमविवाह गरेकी युवतीलाई छुटाउने प्रयास

सिरहा, १४ मंसिर। सिरहाको सुखीपुर नगरपालिका- ५ लरकन्हाका दलित युवकसँग अन्तर्जातीय प्रेमविवाह गरेकी युवतीलाई माइती पक्षले जबर्जस्ती छुटाउने प्रयास गरेको आरोप लागेका छ। लहानस्थित जेएस मुररका बहुमुखी क्याम्पसमा बिबिएस चौथो वर्षमा अध्ययनरत करिब २१ वर्षीय अमृतकुमार मोचीसँग शुक्रबार



अन्तर्जातीय प्रेमविवाह गरेकी धनगढीमाई नगपालिका- २ की २० वर्षीया केसिकाकुमारी साहलाई माइती पक्षले छुटाउने प्रयास गरिरहेको मोचीका बाबु आनन्दकुमार मोचीले बताए।

दुलहा-दुलहीलाई लिएर शनिबार

**-बाँकी अन्तिम पेजमा**

### सच्याईएको बारे सूचना

यस पत्रिकाको वर्ष १२ अंक २०० को प्रकाशित पत्रिकामा मिति उल्लेख गर्ने क्रममा त्रुटवश गलत मिति प्रकाशित भएको जानकारी गराइन्छ। सो पत्रिकाको मिति मंसिर १४ हुनुपर्नेमा अन्य मिति उल्लेख भएकाले यसैमार्फत उक्त मिति सच्याइएको जानकारी सबैमा गराइन्छ। - **सम्पादक**




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## व्यस्त सडकमा सभा आयोजना गरिएकोमा व्यवसायीको विरोध

पोखराका व्यापारीले सडकमा हुन लागेको राजनीतिक सभाका कारण आफ्नो व्यवसायमा असर पर्ने भएपछि विरोध प्रदर्शनगरेका छन्। नेपालका केही पुराना कम्युनिस्ट पार्टीका नेताहरू मिलेर बनाएर नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को गण्डकी प्रदेशस्तरीय सन्देश सभाका लागि आफ्नो सडक छानिएपछि स्थानीय व्यवसायीले विरोध गरेका हुन्। राजनीतिक कार्यक्रमका लागि नेताहरूले पायक पर्ने ठाउँ रोज्नु स्वाभाविकै होला तर त्यसले महँगो भाडा तिरेर व्यवसाय गर्नेहरूको कारोबार ठप्प हुन्छ। एउटा दल विशेषका लागि त १ दिन कार्यक्रम हुने वा गर्ने हो। किन्तु, दलैपिच्छेले कार्यक्रममा नाममा सडक ठप्प पार्दा महिनामा कैयौं दिन कारोबारमा असर गर्छ।

यसैले पोखराको मानवअधिकार चोकमा आयोजना गरिएको नेपाली कम्युनिस्ट पार्टीको आज आइतवारको कार्यक्रमको विरोध गरिएको हुनुपर्छ।गरिखान देऊ भन्ने नारासहित भएको विरोध कार्यक्रमले सम्भवतः देशका अरू सहरहरूमा पनि फैलन सक्छ। व्यवसायीको विरोधका कारण कार्यक्रममा खासै असर पक्कै पर्दैन। सभामा उपस्थित हुनेहरूको तुलनामा विरोध गर्नेहरूको संख्या निकै कम छ। तर, यसलाई नेपाली कम्युनिस्ट पार्टीलगायतका राजनीतिक दलहरूले उपेक्षा गर्न खोजे भने यसैले विशालरूप लिन सक्छ।

दलहरूले स्वतन्त्रतापूर्वक कार्यक्रम गर्न पाउनुपर्छ भने व्यवसायीलाई पनि कारोवार गर्ने स्वतन्त्रता छ। दलहरूको कार्यक्रम स्थल ओगटेर व्यवसायीहरूले रोकतोक गरेका भए उनीहरू अर्घेलो ठुन्थे। सडक ढाकेर वरपरको जनजीवन अस्तव्यस्त बनाउने दलहरूको व्यवहार पनि अर्घेल्याइँ नै हो। जनतालाई 'आम' र आफूलाई 'खास' ठान्ने मानसिकता 'राष्ट्रसेवक' कहलिन रुचाउने सरकारी कर्मचारीमात्र होइन 'जनसेवक' भन्न रमाउने राजनीतिक नेताहरूमा पनि बलियो रहेको छ। यतिन्जेल नेपाली समाजले पनि यही विभाजनलाई चुपचाप स्वीकार गर्दैआएको थियो। अब भने बिस्तारै जनसाधारणले पनि नदब्ने संकेत देखाउन थालेका छन्।

केही वर्षअघिसम्म राजनीतिक दलहरूले आयोजना गर्ने बन्दका कारण जनजीवन सधैँ त्रस्त र अस्तव्यव्यस्त हुनेगर्थ्यो। नागरिकस्तरबाट चर्को विरोध हुन थालेपछि दलहरूले बन्द आह्वान गर्ने रहर बिस्तारै छाडे। अन्यत्र पनि व्यस्त सडकहरू अवरुद्ध गर्दा विरोध हुन थाल्यो भने दलहरूले सभा स्थलको चयन गर्दा पनि जनताको असुविधामा ध्यान दिनेछन्। संयोग, अहिले पोखरामा सभा गर्ने नेपाली कम्युनिस्ट पार्टीका संयोजक नै अध्यक्ष रहेको पार्टीले अहिले त्यही पार्टीका सहसंयोजक प्रधानमन्त्री छँदा अनिश्चितकालका लागि काठमाडौं घेर्ने घोषणासहत जनप्रदर्शन गरेको थियो। अति भएपछि काठमाडौंका जनता पनि बन्दविरुद्ध सडकमा ओर्लेका थिए। फलस्वरूप, सडकबाट सत्ता कब्जा गर्ने तिनको मनसुवा पूरा भएन। काठमाडौंका सुकिलामुकिलाले वर्षौं कटाक्ष सुन्नुपरेको थियो। अहिले उतिबेलाका प्रतिस्पर्धी त एक भए तर जनता भने तिनको प्रकोप सहन अझै विवश नै छन्। पोखरेली व्यवसायीको विरोध प्रदर्शनले भने केही आशा जगाएको छ। यसलाई राजनीतिक रङ्ग नदिईकन पीडित जनताको छटपटीका रूपमा लिनुपर्छ। राजनीतिक दलका नेताहरूले यो विरोध प्रदर्शन आफ्नाविरुद्ध नभई जनताको मर्कालाई बेवास्ता गर्ने प्रवृत्तिविरुद्ध ठान्नुपर्छ।

विरोध प्रदर्शनलगायत राजनीतिक सभाहरूलाई सडक र सहर अस्तव्यस्त नहुनेगरी व्यवस्थित गर्नु पक्कै पनि चुनौतीपूर्ण हुन्छ। कुनै सडक वा चोकमा सभा गर्न नदिनेबित्तिकै नेताहरूले 'षड्यन्त्रको सिद्धान्त' प्रतिपादन गरिहाल्छन्। कम्युनिस्टहरूले त्यसमा अन्तर्राष्ट्रिय षड्यन्त्र देख्न सक्छन्। स्थानीय प्रशासकलाई जनताका पक्षमा अडान दिन मुस्किल हुनसक्छ। तर, मूल प्रश्न जनताको आजीविका, सुरक्षा र सुविधाको अधिकारको रक्षा गर्ने राज्यको दायित्व हो। यसैले राजनीतिक दलका नेताहरूले जनतालाई मामुली र आफूलाई विशिष्ठ ठान्न छाड्नु आवश्यक छ। आशा गरौँ, जेन–जी अगुवालगायत राजनीतिक नेताहरूले मुलुकका मालिक जनता हुन् भन्ने आत्मसात् गर्नेछन्।

# पानी उद्योगका व्यवस्थापक सिंहको हत्या अभियोगमा दुई जना पक्राउ

**शिवशंकर मिश्रा**



बारा, १४ मंसिर। बाराको प्रसौनी गाउँपालिका–६ स्थित किरण बेभरेज नेपाल प्रा.लि.का व्यवस्थापक रामकिशोर सिंहको जघन्य हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्सा, वीरगन्ज महानगरपालिका–२२, मनियारीका २१ वर्षीय राजनकुमार राम र ३२ वर्षीय प्रमोद साह तुरहा रहेका जिल्ला प्रहरी कार्यालय बाराका निमित्त प्रहरी प्रवक्ता तथा प्रहरी निरीक्षक खेमप्रसाद नेपालले जानकारी दिनुभयो।

प्रहरीले घटनास्थल तथा उनीहरूकै साथबाट रगतले दागिएको एक थान फलामको छुरा र एक थान इँटा दसीका रूपमा बरामद गरेको छ। गत मङ्सिर ११ गते बेलुका उद्योगदेखि करिब २५ मिटर उत्तरतर्फ रहेको खाल्डोमा उद्योगका अन्दाजी ५० वर्षीय व्यवस्थापक रामकिशोर सिंह मृत अवस्थामा फेला पर्नुभएको थियो। उहाँको शरीरमा धारिलो हतियार प्रहारका एकाधिक गहिरा चोट भेटिएका थिए। पानी फ्याक्ट्रीबाट हटाइएको रिसमा हत्या

मुख्य अभियुक्त राजनकुमार राम सोही पानी उद्योगमा चालकका रूपमा काम गर्दै आउनुभएको थियो। गत वर्ष गढीमाई मेलाका बेला गाडीको क्लच प्लेट जलाएको विषयमा मृतक र राजनबिच झगडा भएको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। केही समय काम छाडेका राजन पुनः कार्तिक १ गतेदेखि मङ्सिर १० गतेसम्म फ्याक्ट्रीमा फर्केर काम गर्ने सुरु गर्नुभएको थियो।

चालकका रूपमा कार्यरत रहँदा उद्योगले तोकेको खुद्रा मूल्य ११० प्रति बोतल भए पनि राजनले सोही पानी बजारमा ११५–१२० रुपैयाँसम्ममा बेच्ने गरेको र त्यसबारे व्यवस्थापक सिंहले जानकारी पाएपछि मङ्सिर १० गते रामलाई हिसाबकिताब चुक्ता गरी कामबाट हटाइएको थियो। कामबाट हटाइएको रिसइबी बढेपछि राजनकुमार रामले आफ्ना साथी प्रमोद साह तुरहासँग वीरगन्जमा बसेर जाँडरक्सी सेवन गरी मङ्सिर ११ गते साँझ उद्योगमै व्यवस्थापक एक्लै रहेको मौका छोपी धारिलो हतियार तथा इँटा प्रयोग गरी विभत्स रूपमा आक्रमण गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको निमित्त प्रहरी प्रवक्ता तथा प्रहरी निरीक्षक नेपालले जानकारी दिनुभयो।

बारा प्रहरीले पर्सा प्रहरीसँग समन्वय गर्दै फरार आरोपीहरू भारततर्फ भाग्न लागेको सूचना पाएपछि मुख्य अभियुक्त राजन कुमार रामलाई पर्साको छिपहरमाई गाउँपालिका–५, भिस्वा नाकाबाट नियन्त्रणमा लिएको र अर्को अभियुक्त प्रमोद साह तुरहा भने वीरगन्ज महानगरपालिका–२२ मा लुकेर बसेको अवस्थामा पक्राउ परेका हुन्। पक्राउ परेका राम र तुरहालाइ बारा जिल्ला अदालतबाट सात दिनको म्याद लिएर उनीहरू विरुद्ध थप अनुसन्धान जारी रहेको बारा प्रहरीले जनाएको छ। प्रारम्भिक तथ्यहरूले यो घटना व्यक्तिगत रिसिइबी, अनुशासनहीनता तथा पूर्व मनमुटावसँग प्रत्यक्ष रूपमा जोडिएको प्रहरीको भनाइ छ।

# मधेश झरे पहाडका तरकारी



बर्दीबास, १४ मंसिर। मधेशका बजारमा तरकारीको मूल्य बढ्दै गएपछि उपभोक्ताको रोजाइमा पहाडको उत्पादन परेको छ। तिहारयता तराईको स्थानीय उत्पादन काउली, बोडी, मुला, आलु, गोलभैँडा तथा विभिन्न सागसब्जीको मूल्य तीव्र गतिमा बढ्दै गएपछि उपभोक्ता 'सस्तो र स्वादिलो' विकल्पका रूपमा पहाडे तरकारी रोज्न थालेका हुन्। बर्दीबासलगायत तराईका प्रमुख बजारमा सिन्धुली र रामेछापबाट ल्याइने इस्कुस, फर्सी, बरेला, रुख टमाटर, रायोको साग, आलु, माहिली खुर्सानी तथा जुनार, सुन्तला, किवी जस्ता तरकारी र फलफूलले उपभोक्तालाई केही राहत दिएको स्थानीय उपभोक्ताको भनाइ छ।

बर्दीबास बजारमा भेटिएकी मिथिला नगरपालिकाकी गृहिणी लक्ष्मी तामाङका अनुसार तराईको तुलनामा 'सस्तो र स्वादिलो' हुने भएकाले सम्भव भए जति पहाडका तरकारी नै प्रयोग गर्ने गरेको बताउनुभयो। स्थानीय बजारमा गत वर्ष १० रुपियाँ किलोमा पनि नबिकेको काउली अहिले १४० देखि १५० रुपियाँमा किन्न उपभोक्ता बाध्य छन्। भान्टा किलोको एक सय, आलु र गोलभैँडा ८०–९०, हरियो खुर्सानी एक सय, फर्सी ६०, तितेकरेला २४० र बेथेको साग पाउको ६० रुपियाँमा बिक्री भइरहेको छ। यही बजारमा पहाडका स्कुस एक सय रुपियाँमा चार किलो बिक्री भइरहेको छ। बरेला ६०, पहाडे आलु ७०, रुख गोलभैँडा ६०, हरियो फर्सी ३०, अदुवा एक सय र माहिली खुर्सानी ९० रुपियाँ किलोको दरमा उपलब्ध छन्। तुलनात्मक सस्तो मूल्यका कारण पहाडको उत्पादनप्रति उपभोक्ताको आकर्षण उच्च बनेको छ।

त्यस्तै स्थानीय फलफूल बजारमा जुनार ७५ र सुन्तला १३० देखि १५० रुपियाँ प्रतिकिलोमा बिक्री भइरहेका बेला सिन्धुली र रामेछापका व्यापारीले भने ताजा जुनार एक सय रुपियाँको दुई किलो र सुन्तला प्रतिकिलो एक सय रुपियाँमा उपलब्ध गराएपछि पहाडका व्यापारीलाई बेच्न भ्याइनभ्याइ छ। सिन्धुली तीनपाटन–८, बाहुन तिल्पुङका व्यापारी होमराज श्रेष्ठका अनुसार बर्दीबासमा प्रतिबजार करिब १० जना व्यापारीले चार मिनी ट्रक बराबर पहाडमा उत्पादित तरकारी र फलफूल ल्याइरहेका छन्।

# महिलामाथि हुने यौनजन्य हिंसाको ९१ प्रतिशत आफन्त र नातेदारबाटै : प्रहरी तथ्याङ्क

काठमाडौं, १४ मंसिर। नेपालको प्रहरीको तथ्याङ्क अनुसार महिलामाथि हुने यौन हिंसाको ९१ प्रतिशत घटना आफन्त तथा नातेदारबाट हुने गरेको पाइएको छ। महिला हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको वार्षिक तथ्यपत्र अनुसार ९१ प्रतिशत यौनजन्य हिंसा आफन्त र नातेदारबाटै भएको पाइएको हो।

तथ्यपत्र सार्वजनिक गर्दै नेपाल प्रहरीको अपराध अनुसन्धान विभागकी प्रहरी उपरीक्षक बसुन्धरा खड्काले घरेलु हिंसाको दर पनि अत्यधिक रहेकाले घरपरिवारबाट सुधार हुन आवश्यक रहेको बताउनुभयो। यस्तै कार्यक्रममा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले हिंसाका घटना बढ्नुका साथै उजुरी दिने क्रम पनि बढेको बताउनुभयो। अनुसन्धान र कारबाही जारी रहे पनि

–बाँकी अन्तिम पेजमा

# कृषि विकास बैंक लिमिटेड

## Agricultural Development Bank Limited

### शाखा कार्यालय गोलबजार

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैं लि. शाखा कार्यालय गोलबजारको २१ दिन सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/१५**

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ।

| क्र.सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोपराईटरको नाम/कम्पनी तथा संचालकहरुको नाम | ठेगाना | बाजेको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८/१२ | जम्मा तिर्नुपर्ने रकम | धितो मन्जुरीनामा दिने/जमानत बस्नेका नाम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रागिनी जेनरल स्टोर तथा फैन्सी पसल (प्रा.निरासा कुमारी राय अमात) | फुलकाहाकट्टी-६ | रौदी अमात | शिव दयाल राय | व्यापार कर्जा | २३७५००० | ४१३१८२ | २७८८१८२ | रामसखि देवी | |
| २ | त्रिदेव एक्वा एग्रो एण्ड लाईभस्टक (प्रो.टंक प्रसाद यादव) | सितापुर-८,हाल मिर्चैया ना.पा.११ | रामधारी यादव | बैाए लाल यादव | सहुलियत कर्जा | ४०००००० | ३३४०२२ | ४३३४०२२ | जमुना यादव | |
| ३ | संगिता कुखुरा पशुपालन तथा कृषि फर्म(प्रो.संगिता कुमारी महतो) | तिलासी-१,नरहा गा.पा. | सोहित महतो | कृष्ण कुमार महतो | पशुपालन कर्जा | ९९०२५८ | १७९०५ | १००८१६३ | सोहत महतो | |
| ४ | सुरमिला कुमारी महतो | लालपुर-६ | गुल्टेन महतो | राम अवतार महतो | सरल कृषि कर्जा | २००००० | २४०३६ | २२४०३६ | | |
| ५ | सुकनी पशुपालन तथा कृषि फर्म (प्रो.सकुनी यादवनी) | चन्द्रअयोध्यापुर-३, नरहा गा.पा. | कारी यादव | विक्रु यादव | पशुपालन कर्जा | १३३२०९९ | १४२०१६ | १४७४११५ | | |
| ६ | सुरेन्द्र कृषि फर्म (प्रो.सुरेन्द्र कुमार यादव) | चन्द्रअयोध्यापुर-४,हाल नारहा-३ | रामदेव यादव | चन्दर यादव | सहुलियत कर्जा | ९३९३७५० | ८४०७५१ | १०२३४५०१ | चन्दर यादव | |
| ७ | राजपती यादव | चन्द्रअयोध्यापुर-७ | सिताराम यादव | गौरी यादव | सरल कृषि कर्जा | ८४०००० | ८२६९२ | ९२२६९२ | | |
| ८ | रेश्मा देवी | चन्द्रअयोध्यापुर-८ | सोनाई ठाकुर | गेनाई ठाकुर | व्यापार कर्जा | ५५०००० | २६२३७ | ५७६२३७ | | |
| ९ | राम उदगार यादव | चन्द्रलालपुर-२ | दरभंगीया यादव | अजव लाल यादव | व्यापार कर्जा | ४००००० | ४२१८१ | ४४२१८१ | | |
| १० | पुजा घडी चस्मा घर (प्रो.विनोद कुमार सिंह) | चन्द्रलालपुर-२, हाल गोलबजार-७ | बालचन्द्र यादव | जुगेश्वर महतो | व्यापार कर्जा | ५५०००० | २७७३१ | ५७७७३१ | किरण सिंह | |
| ११ | सत्यदेव लाल कर्ण | चन्द्रउदयपुर-९ | महाविर लाल कर्ण | मोहित नारायण लाल कर्ण | सरल कृषि कर्जा | २००००० | ८७२९ | २०८७२९ | | |
| १२ | राम सागर मण्डल | गोलबजार ना.पा. | जितु मण्डल | भौसु मण्डल | पशुपालन कर्जा | १०४३३३४ | ९४१०६ | ११३७४४० | | |
| १३ | धनीराम राय | गोलबजार ना.पा. | मेही राय | जामुन राय | सरल कृषि कर्जा | ८७९२८३ | ८२७५० | ९६२०३३ | | |
| १४ | रामेश्वर यादव | गोलबजार ना.पा. | दरभंगी यादव | अजव लाल यादव | सरल कृषि कर्जा | १०००००० | २०७१७ | १०२०७१७ | | |
| १५ | मो.अविद | गोलबजार ना.पा. | घुटन नट | डोमा मिया | सरल कृषि कर्जा | ५००००० | २३०११ | ५२३०११ | | |
| १६ | फुलेश्वर पशुपालन तथा कृषि फर्म (प्रो.फुलेश्वर कमार सिंह) | गोलबजार ना.पा.५ | नेवी महतो | जनक महतो | सरल कृषि कर्जा | ५००००० | ३२११८ | ५३२११८ | बौधि देवी महतो | |
| १७ | निरज ईन्टरप्राइजेज (प्रो.रबिन्द्र कुमार महतो) | गोलबजार ना.पा.७ | बालचन्द्र महतो | जगेश्वर महतो | व्यापार कर्जा | १३००००० | १९३१७३ | १४९३१७३ | | |
| १८ | प्रेम कुमार लामा | गोलबजार ना.पा.२ | धनमान तामाङ्ग | श्याम बहादुर तामाङ्ग | सरल कृषि कर्जा | ६००००० | ५२६८६ | ६५२६८६ | | |
| १९ | विन्दाबाशिनी पशु फर्म (प्रो.कल्पना कुमारी) | गोलबजार-१ | बेद बहादुर हमाल | भिम बहादुर हमाल | पशुपालन कर्जा | ५००००० | २८५४० | ५२८५४० | कालिका बहादुर मल्ल | |
| २० | भाग्यजित जेनरल स्टोर (प्रो.रेणु सिंह) | गोलबजार-१२ | भोलाई महतो | लक्ष्मी नारायण महतो | व्यापार कर्जा | १६८०००० | ४४०७६ | १७२४०७६ | कुसुमबति महतो, लक्ष्मीनारायण महतो | |
| २१ | श्री राम ईट्टा उद्योग (प्रो.रामचन्द्र यादव) | गोलबजार-४, गोलबजार ना.पा. | बुनी यादव | लक्ष्मी यादव | उद्योग कर्जा | ३५८६७६७ | ५७८८२९ | ४१६५५९६ | | |
| २२ | विशमिल्ला पशु तथा कृषि फर्म (प्रो.बतुल खातुन) | गोलबजार-९ | मनिर मिया | मजिबुल मिया | सरल कृषि कर्जा | ६००००० | ५२२७९ | ६५२२७९ | | |
| २३ | भवी चौधरी | गोलबजार-२ | खेदु लाल चौधरी | खेकु लाल चौधरी | कृषि उत्पादन कर्जा | ८००००० | ७४६७७ | ८७४६७७ | | |
| २४ | हनुमान कृषि सामाग्री केन्द्र (प्रो.नागेश्वर साफी) | गोलबजार-६ | धर्मी साफी | भिखारी साफी | व्यापार कर्जा | ३०००००० | ३०६२५६ | ३३०६२५६ | रामबति साफी | |
| २५ | विमल किराना पसल (प्रो.ककुल्ती कुमारी यादव) | गोलबजार-६ | महाविर यादव | राम प्रकाश यादव | व्यापार कर्जा | १९५०००० | ५३४३५ | २००३४३५ | | |
| २६ | किंगफिसर नमुना एकिकृत कृषि फर्म (प्रो.त्रिदेव यादव) | खोरिया-३, नरहा गा.पा. | वबुएलाल यादव | टंक प्रसाद यादव | सहुलियत कर्जा | २७५४६२९ | २८४३७५ | ३०३९००४ | टंक प्रसाद यादव | |
| २७ | दरपी ठाकुर बडही | धनगढी ना.पा.८ | बासुदेव ठाकुर बडही | राम नन्दन ठाकुर बडही | सरल कृषि कर्जा | ६५०००० | ३०८८२ | ६८०८८२ | | |
| २८ | न्यु शिव एग्रोभेट (प्रो.महेश्वर महतो) | धनगढीमाइ-७ | माधुरी महतो | सुरैत महतो | हायर पर्चेज कर्जा | २६४१२५० | ४१९६३८ | ३०६०८८८ | सितलि बति | |
| २९ | असलानी देवी महतो | धनगढीमाई-८ | भैयालाल महतो | रिझन महतो | सरल कृषि कर्जा | ३००००० | १५७०३ | ३१५७०३ | रिझन महतो | |
| ३० | गणेश पशुपंक्षी तथा कृषि फर्म (प्रो.गणेश कुमार महतो) | धनगढीमाई-६ | मनराज महतो | लत्रु महतो | पशुपालन कर्जा | ८५०००० | १३६५९२ | ९८६५९२ | | |
| | | | | | जम्मा | ४५९६६३७० | ४४८३३२५ | ५०४४९६९५ | | |

**कृषि विकास बैंक लि., मधेश प्रदेश कार्यालय,जनकपुर**

## *कल्याणपुरका मेयर...*

दिने व्यक्तिबाटै बयान लेख्न पनि लगाउँछ। जसोधाले भने आफूलाई लेख्न गाह्रो हुने बताएपछि अख्तियारले जसोधाकै लिखित सहमतिमा उनले बोल्ने कुरा किरणलाई लेख्न लगाएको थियो।

तर, उनै जसोधाले आफैले अख्तियारमा दिएको बयान फेर्दै गत कात्तिक ५ मा विशेष अदालतका अध्यक्ष न्यायाधीश सुदर्शनदेव भट्ट, न्यायाधीश नारायणप्रसाद पौडेल र न्यायाधीश बिदुर कोइरालाको संयुक्त इजलासमा बकपत्रका क्रममा आफूले अख्तियारमा उजुरी नदिएको र आफूले कागजमा सहीछाप गरे पनि केमा गरेको भन्ने कुरा थाहा नभएको बताएकी छिन्। बकपत्रका क्रममा विशेष सरकारी वकिलको कार्यालयको तर्फबाट सहायक न्यायाधीवक्ता सरिता पोखरेलले त्यसपछि कुनै कागजमा सहीछाप गर्दा पढेर, सुनेर र बुझेर सहीछाप गर्नुपर्छ भन्ने कुरा थाहा थियो वा थिएन ? भन्ने प्रश्न गर्दा जसोधाले 'थाहा थिएन' भन्ने जवाफ दिएकी छन्। झुठा बकपत्र गर्ने व्यक्तिलाई समेत सजाय हुने व्यवस्था रहेको कुरा थाहा थियो कि थिएन भन्ने प्रश्नमा पनि उनले 'थाहा नभएको' भनेकी छन्।

यता, अर्का उजुरीकर्ता कुशेश्वले भने निलम्बित मेयर साहले आफू जोगिनका निम्ति जसोधालाई आर्थिक प्रलोभनमा पारी मानसिक रूपमा प्रताडित गरेर बयान फेर्न लगाएको आरोप लगाएका छन्। मेयर पक्षबाट आफूलाई पनि बयान फेर्न १५ लाखसम्म रुपैयाँ दिने प्रस्ताव आएको र नमान्दा आफू असुरक्षित भएर बस्नुपरेको उनले सुनाए। कुशेश्वरले मंसिर ७ मा काठमाडौंस्थित रिपोर्टर्स क्लबमा पत्रकार सम्मेलन नै गरी स्थानीय प्रहरी प्रशासनले पनि खासै सहयोग नगरेको गुनासो गरे। 'मेयरले विभिन्न मान्छेमार्फत सकभर प्रलोभनमा पार्ने प्रयास गरे, तर सफल नभएपछि मानसिक रूपमा गलाउने हर्कत गर्दै आएका छन्,' उनले भने, 'मेयरले म अदालतबाट सफाइ पाएर आउँछु भन्दै ठोकुवा गरिरहेका छन्, त्यसपछि कुशेलाई यस्तो गर्छु, त्यस्तो गर्छु भन्दै हिँडेका छन्, म डराएर बस्नुपर्ने अवस्था छ।'

तर, निलम्बित मेयर साहले भने कोही उजुरीकर्तालाई बयान फेर्न आफूले कुनै किसिमको प्रभावमा नपारेको दाबी गरे। 'सुरुमा ती महिला अरुको उक्साहटमा परेर मलाई फसाउन खोजेकी थिइन्, तर पछि कुरा बुझेर बयान दिएकी हुन्,' उनले भने, 'कुशेश्वरलाई पनि कुनै दबाब वा धम्की दिएको छैन।' अख्तियारले अनुसन्धानपछि साहमाथि गत साउन २३ मा विशेष अदालतमा घुस रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धि मुद्दा दायर गरेको थियो। आयोगले साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो एक लाख र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद माग दाबी गरेको छ।

यो मुद्दा विशेष अदालतमा अझै विचाराधीन छ। पछिल्लोपल्ट मंसिर ३ मा मुद्दा पेशी चढेको थियो। तर, प्रतिवादी निलम्बित मेयरको कानुन व्यवसायीले स्थगित गराएका थिए। विशेष अदालतका अनुसार, यही मंसिर १५ मा फेरि मुद्दा पेशी चढ्दै छ।

## *अन्तर्जातीय...*

दिउँसो गोलबजार हुँदै घर जान खोजिए पनि माइती पक्षबाट निरन्तर अवरोध भएकाले राति ९ बजेसम्म गोलबजारमै रहेको उनले बताए। सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले उमेर पुगेर विवाह गरेका युवायुवतीलाई प्रहरीले संरक्षण दिएर घर पठाउन खोजिएको बताए। 'अन्तर्जातीय प्रेमविवाह हो, माइती पक्षबाट कुनै अवरोध, समस्या हुन्छ कि बिहीबार राति युवतीलाई ओसिएमसी र युवकलाई गोलबजार प्रहरीको संरक्षणमा राखिएको हो,' उनले भने।

# चुनावबाट एमाले महाधिवेशन प्रतिनिधि चयन

**जीवछ यादव**



लहान, १४ मंसिर। नेकपा एमालेको ११ औँ महाधिवेशनका लागि सिराहा क्षेत्र नम्बर १ मा चुनावबाट प्रतिनिधि चयन भएको छ। शनिबार साँझसम्म भएको निर्वाचन मत परिणाम आइतबार सार्वजानिक गरिएको हो। शनिबार प्रतिनिधि छनोटका लागि सखुवानन्कारकटि गाउँपालिका महेश्वरीमा सम्पन्न निर्वाचनमा एक हजार २२९ मत खसेको निर्वाचन अधिकृत विष्णुदेव यादवले बताउनुभयो।

उहाँको अनुसार खुल्लातर्फको चार जना प्रतिनिधिहरुमा क्रमशः लहान नगरपालिका पूर्व नगरप्रमुख मुनि साह एक हजार २१० मत, भगवानपुर गाउँपालिका अध्यक्षसमेत रहनुभएका उग्रनारायण यादव एक हजार १२४, पूर्व मधेश प्रदेश सभा सदस्यसमेत रहनुभएका नेकपा एमाले जिल्ला अध्यक्ष अशोककुमार यादव एक हजार १७२, सिरहा १ का संघीय सांसद रहनुभएको रामशंकर यादव एक हजार २३, महिला प्रतिनिधितर्फ लहान नगरपालिका पूर्व उपप्रमुख रहनुभएका सरियारकुमारी चौधरी ९०६, विभाकुमारी यादव ८०२ र युवा प्रतिनिधि जितेन्द्रकुमार यादव एक हजार ११८ मत ल्याएर चुनिएका छन्।

नेकपा एमालेको ११ औँ महाधिवेशनको लागि चयन भएका सिरहा १ का प्रतिनिधिहरु ईश्वर पोखरेल र केपी शर्मा ओलीको पक्षमा खुलेर होइन, नेकपा एमालेलाई बदलिदो परिस्थितिमा सबल बनाउन चुनिएको सिराहा जिल्ला कमिटि अध्यक्ष अशोककुमार यादवले प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "पार्टीको आन्तरिक लोकतन्त्रको प्रक्रिया अनुसार चुनावबाट नै चयन गरिए पनि चुनाववमा पछि परेका साथीहरुको मतलाई समेत कदर गर्नेछौं।"

फागुन २१ गते तोकिएको चुनावका लागि आन्तरिक तयारीमा नेकपा एमाले रहेको अर्का युवा प्रतिनिधि जितेन्द्र यादवले सुनाउनुभयो। यता लहान नगरपालिकाका पूर्व नगरप्रमुख चुनावबाटै पहिलोपटक प्रतिनिधि चुनिएपछि पार्टीमा आफ्नो स्थान सुरक्षित गर्न यो प्रतिनिधि चुनावले पार्टीमा शक्ति संचय भएको चर्चाले गति लिन थालेको छ।

# विच्छाको सांसद पद खारेज गर्न मधेश प्रदेश सभामा राप्रपाको पत्र



जनकपुरधाम, १४ मंसिर। पार्टीको निर्देशन विपरीत मधेशका वन तथा वातावरण मन्त्री बनेकी कञ्चन विच्छालाई प्रदेशसभा सदस्य पदबाट हटाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेश सभालाई पत्राचार गरेको छ। राप्रपाबाट एक मात्र प्रदेशसभामा समानुपातिक सांसद रहेकी विच्छा गत २४ कात्तिकमा संविधानको धारा १६८ को ३ बमोजिम बनेका मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको सरकारमा विना विभागीय मन्त्री बनेकी थिइन्। उनलाई ८ मंसिरमा मुख्यमन्त्री यादवले वन तथा वातावरण मन्त्रीको जिम्मेवारी तोकेका थिए।

राप्रपाले उनलाई सरकारबाट बाहिरिन निर्देशन दिएको थियो। नबाहिरिएपछि स्पष्टीकरण समेत सोधेको थियो। पार्टीको नीति नियमको अटेर गरेपछि प्रक्रिया पुऱ्याए राप्रपाले उनलाई प्रदेश सभा सदस्य पदबाटै हटाउन राजनैतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३४ बमोजिम आवश्यक कारबाहीका लागि सूचना जारी गरिदिन प्रदेश सभामा पत्र पठाएको हो।

राप्रपाका मुख्य सचिव केदारबहादुर अधिकारीको हस्ताक्षरसहित प्रदेश सभालाई पत्र पठाइएको हो।

पत्र प्रदेश सभा सचिवालयलाई प्राप्त भएपछि उपसभामुख बबिता राउत ईशरलाई बुझाइएको सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए। उपसभामुख ईशरले पत्र प्राप्त गरेको र त्यस बारे कर्मचारीसहित कानुन विज्ञसँग छलफल गरेर सूचना प्रकाशन गर्ने बताइन्।

## *महिलामाथि हुने ...*

अपराधका घटनाको गति नरोकिनु चिन्ताजनक रहेको भन्दै प्रहरीका महानिरीक्षक कार्कीले शिक्षा प्रणालीमा सभ्यताको विषयसम्बन्धी पाठ्य सामग्री राख्न जरुरी देखिएको बताउनुभयो।

कार्यक्रममा स्वास्थ्य सेवा विभागकी उपसचिव कविता अर्यालले महिला हिंसाबाट कुनै प्रदेश र कुनै उमेर समूह अछुतो नरहेको बताउँदै नातागोताबाटै हिंसा हुनु अति चुनौतीपूर्ण विषय भएको उल्लेख गर्नुभयो। अहिले पनि २८ प्रतिशत मात्रै पीडित महिला 'हिंसा भयो' भनेर मद्दत माग्न आउने गरेका जनाउँदै उहाँले बाँकी समाजमा लुकेर रहनु डरलाग्दो विषय भएको बताउनुभयो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)